**२०७७ साल असार १६ गते मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

२. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** "प्रदेश सरकार, प्रदेश नं. ५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मीतव्ययीता सम्बन्धी निर्देशिका, २०७५" को दोस्रो संशोधन स्वीकृत गर्ने।

३. **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः** भूमि सम्बन्धी समस्या समाधान आयोगको सदस्यमा श्री शोभाराम बस्नेत क्षेत्रीलाई मनोनयन गर्ने।

४. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, नेपालगञ्जको अस्थायी संगठन संरचना र दरबन्दी स्वीकृत गरी कार्यरत अस्थायी कर्मचारीहरुको म्याद २०७७ आषाढ मसान्तसम्मका लागि थप गर्ने तथा आगामी आ.व. देखि कर्मचारीहरुको म्याद थप नगरी औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, नेपालगञ्ज खारेज गर्ने।